



# श्री ५ महाराजाधिराजबाट

## राष्ट्रिय पंचायतको सोन्हौं अधिवेशनमा बक्सेको शाही सम्बोधन

सम्वत् २०२७, आषाढ १५ गते रोज २

321.6
HMG
2027

# श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय पंचायतको सोऱ्हौं अधिवेशनमा बक्सेको शाही सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

हाम्रो दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली प्रादुर्भाव भएदेखि नेपाल र नेपालीको शाश्वतहित, परम्परा तथा चरित्रलाई सहजै पहिल्याउन तथा विश्वको बदलिंदो परिस्थिति र गतिसंग सामयिक बन्दै जान यस व्यवस्थाले नेपाली मात्रको मन-मस्तिष्क तथा उनीहरूको चिन्तनशैली

र गतिलाई व्युँझाई नयाँ मोड दिनमा जे जति स्वाभाविक सगाउ पुऱ्याउन सफल भएको छ, त्यो सबै, यसै व्यवस्थाले तीव्रताका साथ ल्याएको राजनीतिक, आर्थिक र सामाजिक विभिन्न क्षेत्रका आधारभूत परिवर्तन-हरू र प्यारा देशवासी प्रजाहरूकै चिर सहयोग र सद्भावनाकै प्रतिफल हो भन्न पाउँदा हामीबाट ठूलो सन्तोष व्यक्त गरिबक्सेका छौं। परि-स्थिति, आवश्यकता, अनुभव तथा जन–मनोभावना अनुसार व्यवस्था-को विभिन्न पक्षमा सम्बद्ध परिवर्तनहरू ल्याउने कार्य भइरहेका पनि छन्। व्यवस्थाका आधारभूत कुराहरूमा आघात पुऱ्याउने खालका परिवर्तन ल्याउन खोज्ने विचारधारा तथा काम–कारवाई प्रति स्वाभा-विक रूपमा प्रतिक्रिया जनाउने प्रवृत्ति सामान्य पञ्चहरूमा पनि प्रादुर्भाव भइसकेको छ र उनीहरूमा राजनीतिक चेतन जागृत हुनुका साथै मुलुकको विकास गर्ने भावना उत्साहवर्धक रूपमा देखापर्न थालि-सकेको छ तापनि अझै बढी आउनु पर्ने कुरा स्वाभाविकै हो। नेपाल र नेपालीको हित तथा भलो हुने कुरा र व्यवस्थाको परिधिभित्रै सम-सामयिक र उपयोगी परिवर्तन ल्याउन यो व्यवस्था सफल तथा गतिशील छ जसले गर्दा नेपाली समाज बढी जागरुक, सुसंगठित र दरिलो बन्दै गएको छ। पञ्च तथा वर्गीय संगठनका सदस्यहरूमा कर्त्तव्य तथा अधिकारको बोध र अधिकाधिक मात्रामा उनीहरू मुलुकको प्रशासनमा सम्मिलित भएकोमा हामीलाई गौरव लाग्नु स्वाभाविकै हो। यो सबै सफलता तथा प्रवाहलाई अझ सुदृढ, क्रियाशील तथा चिरस्थायी तुल्या-उँदै लैजानु सम्पूर्ण पञ्च, वर्गीय संगठनका सदस्य र नेपाली मात्रको महत्त्वपूर्ण कर्त्तव्य भएको छ।

मेरो सरकारले विगत वर्षहरूको कार्यान्वयन, अनुभव तथा प्रयोगको आधारमा विकेन्द्रीकरण योजनालाई अझ अगाडि बढाउन, स्पष्ट र निश्चित कदम अपनाउने छ। जनप्रतिनिधिहरूको बढ्दो चेतना र कार्यकुशलतालाई ध्यानमा राखी उनीहरूलाई अझ सक्षम र

स्वावलम्बी बनाउने तर्फ पनि मेरो सरकारले कदमहरू चाल्ने छ ।

"गाउँफर्क" राष्ट्रिय अभियानबाट सर्वसाधारण जनतामा सचेतना र कार्यतत्परताको उत्साहवर्धक लहर आएको हो । राष्ट्रिय जीवनमा स्फूर्ति र जनजागृतिलाई स्थानीय विकास कार्यक्रमलाई जनस्तरबाट अगाडि बढाउन राष्ट्रिय अभियानलाई बढी क्रियाशील बनाउन मेरो सरकारले प्रभावकारी कदमहरू उठाउने छ ।

पञ्चायतहरूको माध्यमबाट हुने स्थानीय विकासको कार्यक्रमलाई बढी लाभदायक तुल्याउन मेरो सरकारले उपर्युक्त साधनको व्यवस्था गर्न कोशिश गर्ने छ र दुर्गम क्षेत्रको विकासका लागि छिटो र प्रभावकारी उपायहरू अपनाउने छ ।

मुलुकको द्रुततर आर्थिक विकास आज हामीहरूको सबभन्दा ठूलो खाँचो हो । शोषणरहित एक उन्नत र विकसित समाजको निर्माण नै हाम्रो मुख्य लक्ष्य भएकोले आज मेरो सरकारको समस्त प्रयत्नहरू त्यसै दिशातर्फ लक्षित भएका छन् ।

देशको बढ्दो आकाँक्षाहरूलाई पूरा गर्न साधनहरूको बढी परिचालनको आवश्यकता हुन्छ । देशको विकासको क्रममा यो निरन्तर जारी रहने प्रक्रिया हो । आन्तरिक साधनको सक्दो परिचालनमा हामीले सदैव कटिबद्ध हुनु परेको छ । विदेशी सहायताबाट अवश्य पनि हामीलाई बोझ केही कम हुन्छ तर विदेशी सहायताबाट मात्रै हाम्रा सबै आवश्यकताहरू पूरा हुन सक्दैनन् । वास्तवमा कुनै पनि देश आफ्नै प्रयास बिना उन्नत हुन सकेको छैन । साधनहरूको बढी मात्रामा परिचालन गर्न क्रमिक रूपमा हामी सफल भइरहेका छौं र यो प्रयासलाई जारी राख्ने प्रयत्न मेरो सरकारले गर्ने छ ।

यता केही वर्षदेखि हामीले आर्थिक विकासको क्रममा विभिन्न स्थितिको सामना गर्न समयानुकूल कदमहरू उठाइआएको सबैलाई विदितै छ । साधनको प्रभावकारी ढङ्गबाट उपयोग गर्ने सिलसिलामा

विकास बजेट तर्जुमा गर्दा अपनाइएको "कार्यक्रम नियोजन" प्रणाली अनुसार देशको सीमित साधनहरूलाई अधिकतम आर्थिक फाइदा हुने कामहरूमा लगाउन मद्दत मिलेको कुरा महसूस गरिएको छ। भविष्यमा पनि यस प्रणालीलाई सुदृढ गर्दै लगिने छ।

देशको आर्थिक विकासमा ठोस योगदान दिन केही खास विकास कार्यक्रमहरू बाहेक अन्य सबै विकास कार्यक्रमहरूको चालू खर्चलाई आगामी वर्षको बजेटमा [redacted] विकास खर्चको नयाँ परिभाषा अनुसार सञ्चालन गरिने छ । यस वर्गीकरणबाट सरकारी खर्च कुन कार्यको निमित्त कति मात्रामा भएको छ भन्ने स्पष्ट जानकारी हुने छ ।

आगामी आर्थिक वर्षदेखि लागू हुने चौथो पञ्च वर्षीय योजनाको मसौदा जन समक्ष आइसकेको छ। अहिलेसम्मको अनुभवको आधारमा बढी व्यावहारिक र देशको सीमित साधनहरूको उपयुक्त र प्रभावकारी परिचालन हुने गरी प्रस्तुत योजनाको तर्जुमा भएकोछ र मेरो सरकारले योजनाको कार्यान्वियनमा बढी ध्यान दिने भएको छ । प्रस्तुत योजना पूरा भएपछि वार्षिक राष्ट्रिय उत्पादनमा ४ प्रतिशतका दरले बृद्धि हुने अनुमान गरिएको छ ।

लगानीको अधिकांश भाग बढी उत्पादनशील क्षेत्रमा लगाउने नीति अनुरूप कृषि लगानीमा बृद्धि गर्नका साथै कृषि सम्बन्धी अनुसन्धान, प्रसार र संस्थागत सुविधाहरूलाई अझ प्रभावकारी बनाउन संगठनमा समन्वय बढाई कार्यक्रम सञ्चालन गरिने छ । उत्पादन साधन र शक्तिलाई व्यवस्थित रूपमा परिचालन गरी देशको जलवायु अनुकूल खाद्यान्न बाली, नगदे बाली, फलफूल खेती, पशुपालन र मत्स्यपालन सम्भाव्यताका आधारमा केन्द्रित गरी कृषि विकास कार्य सञ्चालन गर्न मेरो सरकारले विशेष जोड दिने छ। साथै आवश्यक मात्रामा सिंचाईको सुविधा उपलब्ध गराउन सिंचाई आयोजनाहरू कार्यान्वित गर्ने काम र

तराई तथा पहाडी टारहरू केहीमा नयाँ सिंचाई आयोजनाहरूको निर्माण-को साथै भविष्यको योजनाहरूको लागि आधार तयार गर्न सम्भाव्यता अध्ययनको काम मेरो सरकारले चालू राख्ने छ ।

भूमिसुधार सम्बन्धमा जग्गाको सही स्थिति र क्षेत्रफलको लगत तयार गर्न पहाडी क्षेत्रमा पनि कित्ता नापीको काम प्रारम्भ गरिने छ। सहकारिताको सञ्चालनलाई बढी प्रभावकारी बनाई तथा अनिवार्य बचतको रकमलाई सुनियोजित तुल्याई कृषि प्रदाय, कृषि कर्जा र कृषि बेचबिखनको माध्यमद्वारा किसानलाई सहूलियत पुऱ्याउने कुरामा मेरो सरकार दृढ छ । यस वर्ष तराईका केही जिल्लाहरूमा निश्चित कूतको व्यवस्था गर्नेतर्फ मेरो सरकारले कदम चाल्ने छ ।

वनको संरक्षण, सम्बर्द्धन र विकासको सन्दर्भमा लागू गरिएको योजनालाई आगामी वर्षमा पनि चालू राख्ने कार्यक्रम छ । यसको साथै, लिलाम प्रथा बन्द गरी स्थानीय वन उद्योगको व्यापक रूपमा विकास गर्ने कार्यको शुरुआत भइसकेको छ ।

यातायात विकासको क्षेत्रमा सन्तोषजनक कार्य भएको छ । महेन्द्र राजमार्ग लगायत अन्य ठूला राजमार्गहरूको निर्माण कार्यमा प्रगति भएको छ । आगामी वर्ष राजमार्गहरूको निर्माण कार्य अरू तीव्र गतिले सम्पन्न गरिने छ ।

हवाई यातायातको ठूलो महत्त्व भएकोले काठमाडौंको त्रिभुवन विमान स्थल लगायत पाँच महत्त्वपूर्ण विमान स्थलहरूको विकास गर्ने कार्य प्रारम्भ गरिनेछ । शाही नेपाल वायु सेवा निगमलाई सुव्यवस्थित गराउनेतर्फ आवश्यक कदम चालिएको छ । दुर्गम स्थानहरूमा प्रयो-गात्मक रूपमा चलाइएको स्टोल विमान सेवालाई स्थायी रूपमा चलाउने प्रयत्न जारी नै रहने छ ।

सञ्चार सेवा तर्फ सन्तोषजनक प्रगति भइरहेको छ । एक दुइ दुर्गम जिल्ला बाहेक अधिराज्यका सबै जिल्लामा आकाशवाणी स्थापना

गर्ने कार्य समाप्त भइसकेको छ । अन्तर्राष्ट्रिय दूर सञ्चार सेवालाई अझ छिटो र सुलभ बनाउन आधुनिक यन्त्र तथा उपकरणहरू जडान गर्ने र मुख्य शहरहरूमा स्थानीय टेलिफोन सेवाको स्थापना गर्ने कार्यक्रम प्रारम्भ गरिनेछ । हुलाक सेवालाई विस्तार गर्नु भन्दा यसको सुसंगठन तर्फ बढी ध्यान दिइने छ ।

देशको शहरी र ग्रामीण क्षेत्रमा विद्युत् शक्ति उपलब्ध गराई कृषि एवम् औद्योगिक विकासमा सहायता पुऱ्याउन र जलस्रोतको विकास गरी राष्ट्रिय आयमा बृद्धि ल्याउन आगामी वर्ष कनकाई जल विद्युत् योजनाको कार्यान्वयनको लागि आवश्यक कदम चालिने छ र हेटौंडा गण्डक प्रसारण लाइनको निर्माण शुरु गरिने छ ।

केही समयभित्रै देशमा रहेका असंख्य ग्रामीण जनता सबैले नै केही मात्रामा भए पनि स्वास्थ्योपचारको लाभ उठाउन सकून् भन्ने हेतुले आगामी वर्षदेखि बहुउद्देश्यीय हेल्थ पोष्टहरूको स्थापना गर्ने कार्यक्रम प्रारम्भ गरिने छ । विगत सालहरूमा शुरु गरिएका आयोजनाहरूलाई अझै विकसित गर्दै लगिने छ र जनसंख्याको बृद्धिलाई देशको साधनको परिधिभित्र राख्ने उद्देश्यले लागू गरिएको परिवार नियोजनलाई अझै प्रभावकारी ढङ्गबाट चलाउने व्यवस्था मेरो सरकारले गर्ने छ ।

पर्यटन विकासको लागि दीर्घकालीन वृहत् योजना तयार गर्ने मेरो सरकारले कदम उठाइसकेको छ । पर्यटनको विकासको सिलसिलामा खास गरी आवास व्यवस्थाको कमीलाई हटाउन निजी लगानी क्षेत्र अझ बढी क्रियाशील हुनु परेको छ र यसको लागि सरकारी र अर्ध सरकारी तहबाट जो चाहिने सहायता र प्रोत्साहन दिन मेरो सरकार सदा तत्पर रहने छ ।

स्वदेशमा तयार हुने वस्तुहरूको उत्पादनमा बृद्धि गर्नाको साथै यिनले अन्य मुलुकको समान वस्तुसंग प्रतिस्पर्धा गर्न सकून् भन्ने दृष्टिले लागत मूल्यमा कमी ल्याउन, वस्तुहरूको स्तर नियन्त्रण गर्न र गुण

सुधार गर्न आवश्यक भएकोले यस तर्फ ध्यान दिनुको साथै स्वदेशी साधनहरूको अधिकतम परिचालन गर्न, स्वदेशको आवश्यकता पूर्ति गर्न र निकासी बृद्धिमा सहायता हुने उद्योगहरूलाई मेरो सरकारले विशेष सुविधाहरू समेत दिई विकास गराउन प्रयत्नशील रहने छ । यस्तै, ग्रामीण तथा अन्य क्षेत्रमा छरिएका शिल्पकलालाई विकास र विस्तार गरी यिनको उत्पादन अन्तर्राष्ट्रिय बजारमा आकर्षित समेत बनाउन मेरो सरकारले संगठनात्मक व्यवस्थामा आवश्यक सुधार गर्ने छ ।

विभिन्न उद्योगहरूमा काम गर्ने मजदूर वर्गलाई उचित कल्याणकारी सुविधाहरू प्रदान गरी रोजगारी र उत्पादकत्त्वमा बृद्धि ल्याउन मेरो सरकार सचेष्ट रहने छ ।

खनिज पदार्थहरूको वैज्ञानिक एवं औद्योगिक सर्भेक्षण र खोजी चालू राखिने छ ।

मित्रराष्ट्र भारतसंग हाल चालू वाणिज्य र पारवहन सन्धिको म्याद आगामी कार्तिक महीनासम्म छ । नेपाल जस्तो भू-परिवेष्ठित विकासोन्मुख र ६० प्रतिशतभन्दा बढी व्यापार भारतसंग भएको देशको निमित्त आगामी पारवहन तथा वाणिज्य सन्धि-वार्ता कति महत्त्वपूर्ण छ हामीले यहाँ दोहऱ्याई रहनु पर्दैन । मेरो सरकार हाम्रा दुइ देशको परम्परागत सद्भावना र समझदारीलाई ध्यानमा राखी तर नेपालको आकाँक्षा अनुरूप र विकासको निमित्त पर्याप्त हुने व्यवस्था गर्न र मैत्रीपूर्ण कुराकानीद्वारा सम्झौतामा पुग्न प्रयत्नशील रहने छ ।

शिक्षाको क्षेत्रमा, बढी से बढी बालबालिकालाई सहूलियत दिने, माध्यमिक शिक्षालाई व्यावसायिक बनाउँदै लगी संख्यात्मक भन्दा गुणात्मक बृद्धि गर्न जोड दिने र उच्च शिक्षालाई सुनियोजित ढङ्गबाट विकास गर्दै लगी यसलाई मुलुकको आर्थिक विकासको अनुकूल तुल्याउने मेरो सरकारको नीति हुने छ । देशको शिक्षित जनशक्ति राष्ट्र निर्माण र

विकासमा प्रत्यक्ष रूपमा संलग्न हुन सक्ने गराई यो खेर नजाने तुल्याउन नयाँ शिक्षा नीति निर्धारण गरिने भएको छ । पुरातात्विक अन्वेषण तथा उत्खनन गर्ने कार्य जारी नै राखी प्राचीन मूर्ति आदि स्मारकहरू-को संरक्षण गर्ने कार्यमा विशेष ध्यान दिइने छ ।

विभिन्न आयोजनाहरूको लागि आवश्यक पर्ने प्रशासकीय तथा प्राविधिक तालीमहरू सञ्चालन गरिने छन् । यसै सिलसिलामा नेपाल इन्जिनीयरिङ्ग इन्स्टिटच्यूटलाई विस्तार गर्न आवश्यक कदम उठाइने छ ।

नेपाली पत्र-पत्रिकाहरूको विकासको लागि मेरो सरकारले छापा-खाना तथा प्रकाशन सम्बन्धी व्यवस्थातर्फ पनि समयानुकूल कदम चाल्ने छ र व्यवस्थाले ल्याएको ठोस प्रगति र प्रतिष्ठालाई साधनले भ्याएसम्म सुव्यवस्थित तथा सुनियोजित ढङ्गले देशभित्र तथा बाहिर अवगत गराउन प्रयत्नशील रहने छ ।

नेपालको संविधानमा परिकल्पना गरिए अनुसार बदलिंदो सामा-जिक व्यवहार र समय सुहाउँदो कानूनी व्यवस्था गर्दै लैजाने मेरो सरकार-को नीति छ ।

नेपालको परराष्ट्र नीति असंलग्नता र शान्तिपूर्ण सह-अस्तित्त्वको आधारमा देशको सार्वभौमसत्ता र क्षेत्रीय अक्षुण्णताको संरक्षण गर्नु, राष्ट्रिय स्वतन्त्रता सुदृढ गराउनु र विश्वशान्तिको निमित्त सक्दो योगदान गर्नु हो । मेरो सरकार यस नीतिलाई स्थिरताका साथ अघि बढाउन प्रयत्नशील रहने छ ।

यस नीति अनुसार अन्तर्राष्ट्रिय क्षेत्रमा समानताको आधारमा सबै राष्ट्रहरूसित मित्रताको सम्बन्ध कायम गर्न र विशेष गरेर छिमेकी राष्ट्रहरूसंग पारस्परिक सद्भावना, सहयोग र सौहार्दताको भावना बढाउन मेरो सरकारले सँधै झैं प्रयत्न गरिरहने छ । हालै सुसम्पन्न भएको छोरा नानी श्री ५ युवराजाधिराज वीरेन्द्रको शुभ विवाहोत्सवमा हाम्रो निमन्त्रणा स्वीकार गरी सम्मिलित हुनु भएका विभिन्न मित्र राष्ट्रहरूका

राष्ट्राध्यक्ष तथा उच्चस्तरीय विशेष प्रतिनिधिहरूको जमघट पनि यो बढ्दो मित्रता र सद्भावनाको प्रतीक हो । यसै अवसरमा नेपालको सर्वतोमुखी विकासमा चाख देखाई विभिन्न मित्र राष्ट्रहरू तथा अन्त-र्राष्ट्रिय संस्थाहरूबाट प्राप्त भएको उचित सहायताको लागि हामी-बाट हार्दिक कृतज्ञता ज्ञापन गरिबक्सेकाछौं ।

नेपाल भारतको प्राचीन र मैत्रीपूर्ण सम्बन्धको पृष्ठभूमिमा दुइ देशका बीच आइपरेका सबै समस्याहरू एक एक गरी समाधान गरी दुवै देशको हितको निमित्त पारस्परिक विश्वास र समझदारीको वाता-वरण सुदृढ गर्न मेरो सरकार सदैव सक्रिय रहने छ । महामहिम राष्ट्रपति श्री भी. भी. गिरी र भारतीय परराष्ट्र मन्त्रीको नेपाल आगमनले यस किसिमको वातावरण सृजना गर्न सहायक भएको छ भन्ने हाम्रो धारणा छ ।

अर्को छिमेकी मित्र राष्ट्र जनवादी गणतन्त्र चीनसंगको हाम्रो सम्बन्ध विकसित हुँदै गएको छ । शुभ विवाहोत्सवको समयमा चिनियाँ उच्चस्तरीय प्रतिनिधिमण्डलको र चिनियाँ क्रान्तिको बिसौं वर्ष गाँठको अवसरमा मेरो सरकारको प्रतिनिधिमण्डलको भ्रमणको आदान-प्रदान पारस्परिक सम्बन्धलाई सुदृढ गराउने कदम हुन् । मेरो सरकार दृढताका साथ नेपाल चीन सम्बन्ध मजबूत गराउन सचेष्ट रहने छ ।

विभिन्न देशहरूसंगको सुसम्बन्ध बढाउने उद्देश्यले ओसाकामा भएको विश्व प्रदर्शनीमा नेपाल दिवसको उद्घाटन गर्न हामी हालै जापान सवारी भइबक्सेका थियौं । यसै बेला बर्माको राजकीय यात्रा गर्ने र अरू केही ठाउँहरूको अनौपचारिक भ्रमण गर्ने अवसर मिल्यो । विभिन्न देशका नेताहरूसंग भलाकुशारी गरी विचारको आदान-प्रदान गर्न पाउँदा हामीलाई सन्तोष लागेको छ ।

संयुक्त राज्य अमेरिकासंगको बढ्दो सुसम्बन्धको फलस्वरूप त्यहाँका महामहिम उपराष्ट्रपति श्री स्पाइरो टी. आग्न्यूको नेपाल भ्रमणले

दुइ देशका बीचको सम्बन्धलाई झन दरिलो पारेको छ । पारस्परिक हितका कुरामा उपराष्ट्रपतिसंग विचार विमर्श गर्न पाउँदा हामीलाई सन्तोष लागेको छ ।

संयुक्त राष्ट्र संघका सबै कार्यहरूमा र विशेषतः सुरक्षा परिषद्का सामु उपस्थित भएका विशेष समस्याहरूको समाधानमा योगदान गर्न मेरो सरकार सदैव सक्रिय रहेको छ ।

मध्यपूर्व र क्याम्बोडियामा शान्तिको स्थापना हुनुको सट्टा परिस्थिति दिन पर दिन झन चिन्ताजनक हुँदै गएको छ । सैनिक संघर्षको माध्यमद्वारा भन्दा सम्बन्धित सबै पक्षहरू सम्मिलित भई प्रभावकारी र लाभदायी कुराकानीद्वारा बाहिरी हस्तक्षेप बिना आफ्नो देशको भाग्य आफ्नै देशका जनताले निर्णय गर्न पाउनु पर्छ भन्ने मेरो सरकारको नीति छ र यो नीति कार्यान्वियन गर्न मेरो सरकारले यथाशक्ति कोशिश गर्नेछ ।

असंलग्न राष्ट्रहरूको लुसाकामा प्रस्तावित शिखर सम्मेलन प्रति मेरो सरकारले सकारात्मक नीति लिएको छ र सम्मेलन सम्पन्न हुँदा आफ्नो घोषित नीति भित्र रही सहयोग, सद्भावना र विश्वशान्तिको लागि सक्दो योगदान गर्ने छ ।

शाही सेनालाई अझै दक्ष र आधुनिक बनाउने कार्य जारी रहने छ । मुलुकमा अमन चैन कायम राख्न र जनताले शान्ति र सुव्यवस्था प्राप्त गर्न सकून् भन्ने उद्देश्य लिई स्थानीय प्रशासन र प्रहरीलाई अझ बढी सक्षम, सक्रिय र प्रभावकारी बनाउन मेरो सरकार सजग र क्रियाशील छ ।

प्रशासनलाई अझ दक्ष तुल्याई बढ्दो विकास तथा निर्माण कार्यहरूको सफल कार्यान्वियनको लागि सक्षम गराउन प्रशासनलाई समयानुकूल तुल्याउन मेरो सरकार क्रियाशील छ । यसै सिलसिलामा पदहरूको काम कर्त्तव्य र जिम्मेदारी निर्धारण गरी कार्य विवरण तयार गर्ने,

विकासतर्फ रहेका कर्मचारीहरूलाई आयोजनाको प्रकृतिको आधारमा नियमानुसार स्थायी सेवातर्फ लैजाने तथा प्रशासकीय संगठन र कार्य-विधिको मूल्याङ्कन गर्न सर्वेक्षण गर्ने मेरो सरकारको कार्यक्रम रहेको छ ।

निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको अनुसरणबाट हामी मुलुकमा शान्ति, सुव्यवस्था र स्थिरता कायम गर्न सफल भएका छौं । यसबाट देशमा आर्थिक विकासको लागि गतिलो जग खडा गर्नाको साथै राष्ट्रिय स्वाभिमान कायम राखी अन्तर्राष्ट्रिय जगत्मा नेपालले आफ्नो प्रतिष्ठा प्राप्त गर्न सकेको छ । यो देशभक्त जनताको साझा उपलब्धि हो । यो उपलब्धिलाई स्थिर तथा स्वाभाविक तुल्याई अगाडि बढी, आइपरेका बाधा र कठिनाइहरूलाई धैर्य र संयमका साथ सामना गर्दै जानु छ । इमान्दारी, सक्रियता र लगनशीलताको बाटो अनुसरण गरेर निरन्तर परिश्रम गर्दै रह्यौं भने हामी अन्य विकसित राष्ट्रहरूको दाँजोमा अवश्य पुग्ने छौं । राष्ट्र निर्माणको यस गहन जिम्मेदारी सबैको सामूहिक कर्त्तव्य हो । बुद्धिजीवी, किसान, मजदूर, युवा, विद्यार्थी लगायत समस्त देशवासीहरू विशेषतः पञ्चहरू यस जिम्मेदारी बोकी उत्साह र इमान्दारीका साथ अगाडि बढ्ने छन् भन्ने हामीले आशा एवं विश्वास राखी बक्सेका छौं ।

जय नेपाल ।

G.08424

MARTIN CHAUTARI LIBRARY KTM. NEPAL

प्रकाशक
श्री ५ को सरकार
सूचना तथा प्रसार मंत्रालय
सूचना विभाग

मुद्रकः— श्री ५ को सरकारको छापाखाना